# वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : ७ मिति : २०७७/०३/१३


## भाग : १

## आर्थिक ऐन-२०७७

वीरेन्द्रनगर नगरपालिकाको आर्थिक वर्ष ०७७/०७८ को अर्थ सम्बन्धी काम कारवाहीलाई नियमित गर्न स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न तथा समय सापेक्ष करका दरहरु थपघट गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (घ) बमोजिम वीरेन्द्रनगर नगर सभाले यो ऐन बनाएको ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम 'वीरेन्द्रनगर नगरपालिका आर्थिक ऐन, २०७७' रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि वीरेन्द्रनगर नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

२. **परिभाषा र व्याख्याः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "नगरपालिका" भन्नाले वीरेन्द्रनगर नगरपालिका सम्झनुपर्छ ।

ख) "कार्यालय" भन्नाले नगरपालिकाको कार्यालय सम्झनुपर्छ । सो शव्दावलीले नगरपालिका अन्तर्गतका कर प्रशासन गर्ने अन्य निकायहरुलाई समेत जनाउनेछ ।

ग) "सम्पति कर" भन्नाले सम्पत्ति कर तथा भुमी (मालपोत) कर समेत सम्झनु

पर्छ।

३. **सम्पति करः**

(१) नगरपालिकाका क्षेत्रभित्रका जग्गाहरु प्रचलित सरकारी दर रजिष्ट्रेशन प्रयोजनका लागि कायम भएको दरलाई न्यूनतम मुल्याङ्कन कायम गरि अनुसूचि (१) को (क) देखि (ग) सम्म उल्लेख भए बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ।

(२) नगरपालिकाले सम्पत्तीकर लिन सुरु गरेको आर्थिक वर्ष भन्दा अगाडी बर्षहरुको बाँकी भूमि कर तथा मालपोत साविककै दरमा असूल उपर गरिनेछ।

(३) घरले चर्चेको र सोही वरावरको जग्गा बाहेक अन्य जग्गामा भुमी (मालपोत) कर लगाइ असुल गरिने छ।

४. **घरजग्गा वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा वहाल रकमको १० प्रतिशतका दरले घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (२) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (३) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (४) बमोजिम सवारी साधन कर र बाटो इजाजत दस्तुर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।



खण्ड : ३ संख्या : ७ मिति : २०७७/०३/१३

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

९. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र लिइने मनोरन्जन कर अनुसुची (६) बमोजिम लगाइने छ।

१०. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (८) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्यामफ्टीङ्ग शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत कार्यपालिकाले तोके बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (९) मा उल्लिखित सिफारिस, प्रमाणित, अनुमती दस्तुर, स्थानीय पूर्वाधार, फोहरमैला व्यवस्थापन, ओजेटी सेवा ,शिक्षा सेवा शुल्क तथा सहकारी लगाएत उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१४. **नक्सापास दस्तुरः** मापदण्ड पुगेको घर निर्माणमा नक्शापास दस्तुर अनुसूची (१०) बमोजिम र मापदण्ड नपुगेको घरहरुको हकमा कार्यपालिका बाट स्वीकृत निर्देशिका बमोजिम हुनेछ।

१५. **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट पर्यटन शुल्क कार्यपालिकाले तोकेबमोजिमको शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१६. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई प्रतिकूल अवस्था सिर्जना भएमा कानुन बनाई वा नगर कार्यपालिकाको निर्णयानुसार कर छुट दिन सकिनेछ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ।

१८. **दण्ड सजायः** (१) नगरपालिकाले ठेकेको वा लगाएको कर, दस्तुर, शुल्क महशुल तथा असुल गर्न बाँकी अन्य कुनै रकम व्यक्तिले नबुझाएमा नगरपालिकाले देहाय बमोजिम कारबाही गर्न सक्नेछ।

क) यस ऐन बमोजिम उठाउन पाउने कर, दस्तुर, शुल्क तथा असुल गर्न बाँकी अन्य रकम कुनै व्यक्तिले नबुझाएमा त्यस्तो व्यक्तिको चल अचल सम्पत्तीको स्वामित्व हस्तान्तरण रोक्का गर्न सम्बन्धित निकायलाई लेख्न, व्यापार व्यवसायमा सिलबन्दी तथा तालाबन्दी गर्न र निकासी पैठारी लगाएतका कारोबार रोक्का गर्न र कालो सूचीमा राख्न सक्नेछ।

ख) नगरपालिकाले यस ऐन बमोजिम उठाउन पाउने रकम खण्ड (क) बमोजिम सम्बन्धित व्यक्तिको घर, जग्गा, कारोबार वा जायजेथा रोक्का गर्दापनि उठ्न नसकेमा नगरपालिकाले निजको घर, जग्गा, कारोबार वा अन्य कुनै जेथा भए सो लिलाम बिक्री गरि असुल गर्न सक्नेछ।

ग) यस ऐन अन्तरगतको काम कारोबारको सिलसिलामा कुनै ठेकेदारले राखेको धरौटी वा जमानत सो कार्य गर्न नसकेको अवस्थामा नगरपालिकाले त्यस्तो धरौटी जफत गरि वा जमानत लिलाम विक्रि गरि असुल उपर गर्ने।

तर जफत वा लिलाम विक्रि गरि प्राप्त हुन अएको रकम त्यस्तो व्यक्तिले नगरपालिकालाई बुझाउनुपर्ने रकम भन्दा बढि हुन आएमा बढि भएको रकम सम्बन्धित व्यक्तिलाइ फिर्ता दिनु पर्नेछ।

(२) उपदफा १ को खण्ड (ख) वा (ग) बमोजिम नगरपालिकाले लिलाम विक्रि गर्दा प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ।

(३) यस ऐन बमोजिम तिर्नु बुझाउनुपर्ने कर दस्तुर शुल्क महशुल तथा असुल गर्न





बाँकी अन्य कुनै रकम नबुझाएमा नगरपालिकाले उपलब्ध गराएको सेवा त्यस्तो व्यक्तिको हकमा बन्द गर्नसक्नेछ।

१९. **विविधः** (१) कृषि, पशु, सहकारी, शिक्षा, घरेलु जस्ता अन्य विषयगत कार्यालयबाट हुने कार्यको सेवा शुल्क दस्तुर उल्लेख भएमा सोहि बमोजिम र नभएमा साविकमा यी विषयगत कार्यालयले लिँदै आएको दस्तुर शुल्क लाग्नेछ।

(२) यस ऐनमा नसमेटीएका र अन्य कानुनसँग नबाझिने गरि कर दस्तुर शुल्कको दररेट नगर कार्यपालिकाको निर्णय तथा स्वीकृत कार्यविधीको मापदण्ड बमोजिम हुनेछ।

अनुसूची-१ (क)
दफा २ सँग सम्बन्धीत

## सम्पत्ति कर तथा भुमी (मालपोत) करको स्वीकृत दर

| कर योग्य सम्पत्तिको मूल्य | बार्षिक दर | करयोग्य भूमी (मालपोत) जग्गाको मूल्य | वार्षिक कर |
|---|---|---|---|
| रु १ देखि ५ लाख रुपैयाँसम्मको मूल्यांकनमा | एकमुष्ठ रु ५० | रु १ देखि ५ लाख रुपैयाँसम्मको मूल्यांकनमा | एकमुष्ठ रु ५० |
| रु ५ लाख १ देखि २० लाख रुपैयाँसम्म | प्रति सय रु ०.०१ | रु ५ लाख १ देखि २० लाख रुपैयाँसम्म | प्रति सय रु ०.०१ |
| २० लाख १ देखि ५० लाख रुपैयाँसम्म | प्रति सय रु ०.०१५ | २० लाख १ देखि ५० लाख रुपैयाँसम्म | प्रति सय रु ०.०१५ |
| रु ५० लाख १ रुपैयाँ देखि १ करोड रुपैयाँसम्म | प्रति सय रु ०.०२ | रु ५० लाख १ रुपैयाँ देखि १ करोड रुपैयाँसम्म | प्रति सय रु ०.०२ |
| रु १ करोड १ रुपैयाँ देखि १ करोड ५० लाख रुपैयाँसम्म | प्रति सय रु ०.०३ | रु १ करोड १ रुपैयाँ देखि १ करोड ५० लाख रुपैयाँसम्म | प्रति सय रु ०.०३ |
| १ करोड ५० लाख १ देखि २ करोड सम्म | प्रति सय रु ०.०४ | १ करोड ५० लाख १ देखि २ करोड सम्म | प्रति सय रु ०.०४ |
| रु २ करोड १ देखि २ करोड ५० लाख सम्म | प्रति सय रु ०.०५ | रु २ करोड १ देखि २ करोड ५० लाख सम्म | प्रति सय रु ०.०५ |
| रु २ करोड ५० लाख १ देखि ३ करोड सम्म | प्रति सय रु ०.०६ | रु २ करोड ५० लाख १ देखि ३ करोड सम्म | प्रति सय रु ०.०६ |
| रु ३ करोड १ देखि ३ करोड ५० लाख सम्म | प्रति सय रु ०.०७ | रु ३ करोड १ देखि ३ करोड ५० लाख सम्म | प्रति सय रु ०.०७ |
| रु ३ करोड ५० लाख १ देखि ४ करोड सम्म | प्रति सय रु ०.०७५ | रु ३ करोड ५० लाख १ देखि ४ करोड सम्म | प्रति सय रु ०.०७५ |
| रु ४ करोड १ देखि माथि | प्रति सय रु ०.०८ | रु ४ करोड १ देखि माथि | प्रति सय रु ०.०८ |





अनुसूची १ (ख)
दफा २ संग सम्बन्धीत

## संरचनाको मुल्यांकन दर निर्धारण

| | क्षेत्र | संरचना प्रति वर्ग फिट रु. | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की जोडाईमा ढलाई | | माटोको जोडाइमा ढलाई | | पक्का जोडाईमा जस्ता वा टायलको छाना | | माटोको जोडाई भै जस्ता वा टायल छाना | | सेड | |
| | | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास | ब्यापारिक, औद्योगिक तथा संस्थागत | बसोवास |
| क | व्यापारिक क्षेत्र | १८०० | १७०० | १७०० | १६०० | १५०० | १४०० | १३०० | १२०० | ५०० | ३०० |
| ख | संस्थागत क्षेत्र | १७०० | १६०० | १६०० | १५०० | १४०० | १३०० | १२०० | ११०० | ४०० | २५० |
| ग | आवासीय क्षेत्र | १६०० | १५०० | १५०० | १४०० | १३००० | १२०० | ११०० | १००० | ३०० | २०० |
| घ | कृषि क्षेत्र | १५०० | १४०० | १४०० | १३०० | १२०० | ११०० | १००० | ९०० | ३०० | २०० |
| ङ | वन तथा वगर क्षेत्र | १४०० | १३०० | १३०० | १२०० | ११०० | १००० | ९०० | ८०० | ३०० | २०० |

ढुंगा वा ईंटाको पर्खाल प्रति रनिङफिट रु. २५०।००

कच्ची घर एकमुष्ट रु १००००।०० (१०० वर्ग फिट सम्म)

अनुसूची १ (ग)
दफा २ सँग सम्बन्धीत

## संरचनाको ह्रास कट्टी दर

| संरचनाको किसिम → / संरचनाको आयु ↓ | आर.सि.सि. फ्रेम स्ट्रक्चर | सिमेण्ट जोडाईमाइट्टावा ढुङ्गाको गारो - आर.सि.सि. छाना | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो - आर.सि.सि. वा सिमेण्ट जोडाईमाइट्टावा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | सेड वा कच्ची घर |
|---|---|---|---|---|---|
| १ - ३ वर्ष | ६ | ९ | १२ | १५ | २० |
| ३-६ वर्ष | १२ | १८ | २४ | ३० | ४० |
| ६-९ वर्ष | १८ | २७ | ३६ | ४५ | ६० |
| ९-१२ वर्ष | २४ | ३६ | ४८ | ६० | ७० |
| १२-१५ वर्ष | ३० | ४५ | ६० | ७५ | ८० |
| १५-१८ वर्ष | ३६ | ५४ | ७२ | ८० | ८० |
| १८-२१ वर्ष | ४२ | ६३ | ८४ | ८० | ८० |
| २१-२४ वर्ष | ४८ | ७२ | ८० | ८० | ८० |
| २४-२७वर्ष | ५४ | ८१ | ८० | ८० | ८० |
| २७-३० वर्ष | ६० | ८० | ८० | ८० | ८० |
| ३०-३३ वर्ष | ६६ | ८० | ८० | ८० | ८० |
| ३३-३६ वर्ष | ७२ | ८० | ८० | ८० | ८० |
| ३६-४० वर्ष | ७८ | ८० | ८० | ८० | ८० |
| ४०-४३ वर्ष | ८४ | ८० | ८० | ८० | ८० |
| ४३-४६ वर्ष | ८० | ८० | ८० | ८० | ८० |
| ४६ भन्दा माथि | ८० | ८० | ८० | ८० | ८० |





अनुसूची २ (ग)
दफा ५ सँग सम्बन्धीत

## व्यवसाय करको दररेट

| संकेत | व्यवसायको विवरण | २०७५।०७६ का लागि स्वीकृत | २०७६।०७७ को स्वीकृत | २०७७।०७८ को स्वीकृत |
|---|---|---|---|---|
| १. | **मर्मत तथा संभार सेवा तर्फ** | | | |
| | चार पांग्रे गाडी मर्मत | १४६० | १५०० | १५०० |
| | मोटरसाइकल मर्मत | ७३० | ७५० | ७५० |
| | रेडियो,घडी, मोवाइल, तथा विभिन्न विद्युतीय उपकरण मर्मत | ६०५ | ६१० | ६१० |
| | टायर, पञ्चर टाल्ने र टायरमा हावा भर्ने | ४०० | ४०० | ४०० |
| | सवारी डेन्ट, पेन्टगर्ने पसल | | | |
| | सवारी साधन धुने | ५५० | ५५० | ५५० |
| | सवारी साधनको सिट, हुट बनाउने पसल | ११०० | ११०० | ११०० |
| | साइकल, कुकर,पंखा, छाता, स्टोभ आदि मर्मत | ४०० | ४०० | ४०० |
| २. | **स्वास्थ्य सेवातर्फ** | | | |
| | **१५ बेड सम्मका अस्पताल** | | ८००० | ८००० |
| | **१५ बेड माथिका अस्पताल** | | १०००० | १०००० |
| | नर्सिङ् होम | ५५०० | ७००० | ७००० |
| | एक्सरे, ल्याव सुविधा सहित डाक्टरको सेवा भएको मेडिकल | २५०० | २५०० | २५०० |
| | एक्सरे, ल्याव सुविधा रहित डाक्टरको सेवा भएको मेडिकल पसल/औषधी थोक पसलमा | १५०० | १५०० | १५०० |
| | दात उपचार केन्द्र | १२५० | २००० | २००० |
| | डाक्टरको सेवा नभएको मेडिकल पसल | ७५० | ७५० | ७५० |

| | | | | |
|---|---|---|---|---|
| | सर्जिकल सामान बेच्ने पसल | ६५० | ६५० | ६५० |
| | वैद्य खाना तथा अन्य क्लिनिक, ल्याव | ६५० | ६५० | ६५० |
| ३. | **शिक्षा सेवा तर्फ** | | | |
| | निजिस्तरबाट संचालीत चाइल्ड केयर तथा मोन्टेश्वरी | १००० | १००० | १००० |
| | आधारभुत तहका निजी विद्यालय (कक्षा १-८ सम्म) | | २००० | २००० |
| | मा.वि.तहका निजी विद्यालय | २००० | ३००० | ३००० |
| | निजि स्तरका क्याम्पसहरु | ५००० | ६००० | ६००० |
| | तालीम तथा अनुसन्धान केन्द्र | ३००० | ४००० | ४००० |
| | टाइपिङ् , कम्प्युटर तथा प्रशिक्षण केन्द्र | ५००० | ६००० | ६००० |
| ४. | **सञ्चार सेवा तर्फ** | | | |
| | साइवर तथा इमेल, इन्टरनेट, रेडियो पेजिङ् आदिमा | २००० | २००० | २००० |
| | फोन, फ्याक्स, फोटोकपि | ६०० | ६०० | ६०० |
| | रिचार्ज कार्डको डिलर | २००० | २००० | २००० |
| | कुरियर सेवा | ५५० | ५५० | ५५० |
| | एफ.एम. रेडियो | १५०० | १५०० | १५०० |
| | नेपाल टेलिकम बाहेकका टेलिफोन सेवा सञ्चालक | ५००० | ५००० | ५००० |
| | केवल नेटवर्क,इन्टरनेट सेवा प्रदायक | २५००० | २५००० | २५००० |
| ५. | **छपाइ तथा प्रकाशन** | | | |
| | अफसेट प्रेस | २५०० | २५०० | २५०० |
| | साधारण प्रेस | १५०० | १५०० | १५०० |
| ६. | **वित्तीय सेवा तर्फ** | | | |
| | नेपाल सरकारको पुर्ण स्वामित्व रहेको बाहेक केन्द्रिय स्तरका वाणिज्य बैंकहरु | १५००० | २०००० | २०००० |
| | विकास वैंकहरु मुख्य कार्यालय तथा प्रदेश कार्यालय | १०००० | १५००० | १५००० |
| | विकास वैंकहरु शाखा कार्यालय | | ८००० | ८००० |





| | | | | |
|---|---|---|---|---|
| | वीमा कम्पनी केन्द्रिय कार्यालय | | १५००० | १५००० |
| | वीमा कम्पनी शाखा कार्यालय | | १०००० | १०००० |
| | मनीट्रान्सफर (बैंक बाहेक) | | २००० | २००० |
| | आर्थिक कारोवार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय (शेयर कारोबार गर्ने समेत) | ८००० | १०००० | १०००० |
| | वित्तीय कम्पनीको शाखा कार्यालय | ५००० | ७००० | ७००० |
| | सहकारी बैंक र बचत तथा ऋण सहकारी (क श्रेणी : २ करोड भन्दा बढी कारोवार हुने) | ३००० | ३००० | ३००० |
| | आर्थिक कारोवार गर्ने सहकारी संस्थाहंरु (ख श्रेणी : २ करोड भन्दा कम कारोवार हुने) | **२०००** | २००० | २००० |
| | अन्य कारोवार गर्ने सहकारी संस्थाहंरु | १५०० | १५०० | १५०० |
| | विदेशी मुद्रा सटही | १५०० | १५०० | १५०० |
| | वीमा कम्पनीहरु | ७००० | ७००० | ७००० |
| | मनी ट्रान्सफर सेवा (बैंक बाहेक) | १५०० | २००० | २००० |
| ७. | होटल, लज तथा रेष्टुरन्टरबार (पर्यटन उद्योग ) | | | |
| | तारे होटल थ्री स्टार सम्म | | २५००० | २५००० |
| | उच्च स्तरको लजिङ, फुडिङ,स्वीमिंग पुल,सेमिनारहल सुविधा भएको होटल | ६५०० | १०००० | १०००० |
| | मध्यम स्तरको लजिङ, फुडिङको सुविधा भएको होटल | ४५०० | ४५०० | ४५०० |
| | सामान्य लजिङ, फुडिङको सुविधा भएको | २००० | २००० | २००० |
| | रेस्टुरेन्ट/बार सांस्कृतिक कार्यक्रम सहितको | | १०००० | १०००० |

| | | | | |
|---|---|---|---|---|
| | लज मात्र भएको | १८०० | १८०० | १८०० |
| | राम्रो खालको रेष्टुरन्ट /बार AC सुविधा सहित | ३००० | ३००० | ३००० |
| | सामान्य खालको रेष्टुरन्ट/बार | १२०० | २००० | २००० |
| | सामान्य खालको होटल | १००० | १००० | १००० |
| | ट्राभल्स एंव टुरीजम एजेन्सी | १२०० | २००० | २००० |
| | प्याराग्लाइडिङ/ऱ्याफ्टिंग | २००० | २००० | २००० |
| ८. | **चिया नास्ता तथा चाट पसल** | | | |
| | मिष्ठान्न भण्डार सहितको चिया नास्ता पसल | ८०० | १००० | १००० |
| | मिष्ठान्न भण्डार रहितको चिया नास्ता पसल | ६०० | ६०० | ६०० |
| | ग्रामीण क्षेत्रको चियानास्ता पसल | ५०० | ५०० | ५०० |
| | चाट पसल | ४०० | ५०० | ५०० |
| ९. | **सुन चांदी पसल** | | | |
| | थोक रुपमा तथा मेसिनद्वारा गहन बनाई बिक्री गर्ने पसल | ४००० | ४००० | ४००० |
| | साना तथा हातले गहना बनाई बिक्री गर्ने पसल | २००० | २००० | २००० |
| | गहना बनाउने तथा मर्मत गर्ने पसल | १००० | १००० | १००० |
| १०. | **मदिरा पसल** | | | |
| | थोक बिक्री पसल | ६००० | ८००० | ८००० |
| | मध्यम खालको पसल | ३७५० | ४००० | ४००० |
| | खुद्रा बिक्री पसल | ३००० | ३००० | ३००० |
| ११. | **मासु पसल** | | | |
| | एकभन्दा बढी आइटम राखी मासु बेच्ने पसल | ८०० | १००० | १००० |
| | रांगा, खसी र वंगुरमध्य कुनै एकको मात्र मासु बेच्ने पसल | ७०० | ८०० | ८०० |
| | माछा, कुखुरा,हांस तथा अन्य पंक्षीको मासु बेच्ने पसल | ५०० | ७०० | ७०० |





| | | | | |
|---|---|---|---|---|
| १२. | **मेटल वर्कसप** | | | |
| | क श्रेणी ( ग्रील सटर,आल्मुनियम निर्माण तथा थोक विक्रेता , उधोग समेत) | १५०० | ४००० | ४००० |
| | ख श्रेणी ( सामान्य ग्रील मर्मत ) | ८०० | १००० | १००० |
| १३. | **स्टील , काठ फर्निचर, कार्पेट विक्रेता** | | | |
| | क श्रेणी (उधोग सहित थोक विक्रेता) | २००० | ४००० | ४००० |
| | ख श्रेणी (खुद्रा विक्रेता) | १५०० | १५०० | १५०० |
| १४. | **वेकरी उद्योग र वेकरी पसल** | | | |
| | उद्योगलाई | २००० | २००० | २००० |
| | पसललाई | १५०० | १५०० | १५०० |
| | दुवै गर्नेलाई | २००० | २००० | २००० |
| १५. | **तरकारी र फलफुल पसल** | | | |
| | थोक पसल | १५०० | १५०० | १५०० |
| | खुद्रा पसल | ७०० | ७०० | ७०० |
| | डोके पसल | | | |
| १६. | **मिलहरु : प्रति हर्स पावर** | ५५ | ५५ | ५५ |
| १७. | **किराना तथा खाद्य पसल** | | | |
| | डिपार्टमेन्ट स्टोर | | ५००० | ५००० |
| | उच्च स्तरको किराना तथा खाद्य पसल (थोक सहितको किराना तथा खाद्य पसल ) | २५०० | २५०० | २५०० |
| | मध्यम स्तरको किराना तथा खाद्य पसल (बिक्री कक्षको अतिरिक्त गोदाम समेत राखेको किराना तथा खाद्य पसल ) | २००० | २००० | २००० |
| | सामान्य स्तरको किराना तथा खाद्य पसल (सामान्य बिक्री कक्षमात्र भएको किराना तथा खाद्य पसल ) | १००० | १००० | १००० |
| | निम्न स्तरको किराना तथा खाद्य पसल (सानो बिक्री कक्षमात्र भएको किराना तथा खाद्य पसल) | ७०० | ७०० | ७०० |

| | | | | |
|---|---|---|---|---|
| | दैनिक उपभोगका खाद्य पदार्थ | ७०० | ७०० | ७०० |
| | सामान्य घुम्ती पसल | ४०० | ४०० | ४०० |
| १८. | **कांचो कपडा , रेडिमेड फेन्सी तथा जुत्ता, चप्पल पसल र टेन्ट हाउस** | | | |
| | उच्च स्तरको पसल ( गोदाम समेत राखेको थोक पसल ) | ३००० | ५००० | ५००० |
| | मध्यम स्तरको पसल ( बिक्री कक्षको अतिरिक्त गोदाम समेत राखेको पसल ) | २५०० | ३००० | ३००० |
| | सामान्य स्तरको पसल (सामान्य बिक्री कक्षमात्र भएको पसल) | २००० | २००० | २००० |
| | निम्न स्तरको पसल (सानो बिक्री कक्षमात्र भएको पसल ) | १००० | १५०० | १५०० |
| | उन तथा उनको कपडाको थोक विक्रेता | १२०० | १२०० | १२०० |
| | उन तथा उनको कपडाको फुटकर विक्रेता | ८०० | ८०० | ८०० |
| | सामान्य घुम्ती पसल | ६०० | ६०० | ६०० |
| १९. | **टेन्ट हाउस** | | | |
| | क्याटरिंग सहित उच्चस्तरको टेन्ट हाउस | १५०० | ५००० | ५००० |
| | टेन्ट हाउस सामान्य स्तरको | १००० | २५०० | २५०० |
| २० | **प्लाष्टिकजन्य पसल** | | | |
| | थोक पसल | १२०० | १५०० | १५०० |
| | खुद्रा पसल | १००० | १२०० | १२०० |
| २१. | **कम्प्युटर, मोवाइल, टि.भी. ,रेडियो , घडी तथा अन्य विद्युतीय सामान बेच्ने पसल/इलेक्ट्रोनिक्स पसल** | | | |
| | अन्तर्राष्ट्रियस्तरको ब्राण्ड भएको उच्च स्तरको पसल - कम्प्युटर, टि.भी. आदिको डिलर तथा ठुलो/होलसेल पसल | ३५०० | १०००० | १०००० |
| | मध्यम स्तरको पसल (कम्प्युटर, टि.भी. आदिमध्य कुनै एकको डिलर भएता पनि सानो पसल) | २५०० | ५००० | ५००० |





| | | | | |
|---|---|---|---|---|
| | सामान्य किसीमको पसल | १२०० | २००० | २००० |
| | रेडियो, घडीमात्र राखेको सामान्यपसल | ५५० | १००० | १००० |
| २२. | ***सवारी साधन विक्रीमा*** | | | |
| | चार पांग्रे गाडी सो रुम तथा बिक्रीमा | ७००० | १५००० | १५००० |
| | तिनपांग्रे सवारी साधन सोरुम तथा विक्रिमा | | १२००० | १२००० |
| | मोटरसाइकल सोरुम तथा बिक्रीमा | ४५०० | १०००० | १०००० |
| | साइकल सो रुम तथा बिक्रीमा | १२०० | १२०० | १२०० |
| | अटोमोवाइल्सका पार्ट पूर्जा मात्र बेच्ने पसल | ४००० | ५००० | ५००० |
| २३. | अडियो, भिडियो क्यासेट बिक्री तथा मर्मत | ९०० | १००० | १००० |
| २४ | भांडा पसल | | | |
| | क श्रेणीमा पर्ने (सजावत तथा उपहारका सामान समेत राखेको) | १७०० | १७०० | १७०० |
| | ख श्रेणीमा पर्ने | १४०० | १४०० | १४०० |
| | सामान्य पसल | ९०० | ९०० | ९०० |
| २५. | **कुखुरा पालन व्यवसाय** | | | |
| | १००० भन्दा बढी कुखुरा पाल्ने फर्म | ११०० | २००० | २००० |
| | ५०० देखि १००० सम्म कुखुरा पाल्ने पसल | ८०० | १००० | १००० |
| | ५०० भन्दा कम कुखुरा पाल्ने पसल | ६०० | ६०० | ६०० |
| | पशुपालन व्यवसाय (गाई,भैंसी,बाख्रा,बंगुर फार्म) | | १००० | १००० |
| २६. | **स्टेशनरी तथा पुस्तक पसल** | | | |
| | स्टेशनरी सामान , पुस्तक तथा पत्रपत्रिकाको थोक सहितको पसल | २५०० | ५००० | ५००० |
| | स्टेशनरी सामान , पुस्तक तथा पत्रपत्रिकाको खुद्रा पसल | १७०० | ३००० | ३००० |
| | स्टेशनरी सामान , पुस्तक तथा पत्रपत्रिकाको खुद्रा पसल ख वर्ग | १२०० | १५०० | १५०० |

| | | | | |
|---|---|---|---|---|
| २७. | **निर्माण सामाग्री ,हार्डवेयर शिसा तथा विद्युत सामाग्री पसल** | | | |
| | अन्तर्राष्ट्रिय :गति iinational company को सामान भएको डिलर | | १२००० | १२००० |
| | राष्ट्रियस्तरको कम्पनीका शाखा | | १०००० | १०००० |
| | उच्च स्तरको पसल | ३००० | ८००० | ८००० |
| | मध्यम स्तरको पसल | २५०० | ५००० | ५००० |
| | सामान्य स्तरको पसल | १५०० | २००० | २००० |
| | संचालित सप्लायर्स | | १००० | १००० |
| २८. | **फोटो स्टुडियो** | | | |
| | उच्च स्तरको पसल (कलर ल्याव फ्लेक्स प्रिन्ट समेत भएको ) | १६५० | २००० | २००० |
| | मध्यम स्तरको पसल (कलर ल्याब नभएको) | ११०० | १२०० | १२०० |
| २९. | **सैलुन तथा ब्युटी पार्लर पसल** | | | |
| | राम्रो स्तरको पसल (४ सिट भन्दा बढी ) | १००० | १००० | १००० |
| | सामान्य स्तरको पसल (४ सिट भन्दा कम ) | ६०० | ६०० | ६०० |
| ३०. | **टेलर** | | | |
| | क श्रेणीको पसल (४ भन्दा बढी मेसिन राखेको पसल) | १२०० | १२०० | १२०० |
| | ख श्रेणीको पसल (२ देखि ४ सम्म मेसिन राखेको पसल) | ८०० | ८०० | ८०० |
| | ग श्रेणीको पसल (२ भन्दा कम मेसिन राखेको पसल) | ६०० | ६०० | ६०० |
| ३१. | **एग्रोभेट पसल** | | | |
| | क श्रेणीको ( थोक पसल ) | १००० | १००० | १००० |
| | ख श्रेणीको ( खुद्रा पसल ) | ६५० | ६५० | ६५० |
| ३२. | **स्नुकर र पुल हाउस** | | | |
| | स्नुकर | १७०० | ३००० | ३००० |
| | पुलहाउस | १२०० | २००० | २००० |





| | | | | |
|---|---|---|---|---|
| ३३. | **डिलर तथा डिष्ट्रिब्युटर्स** | | | |
| | मदिरा,वियर जस्ता मादक पदार्थको डिलर | ८००० | १२००० | १२००० |
| | चुरोट,विडी जस्ता धुम्रपानमा | ८००० | १०००० | १०००० |
| | पेट्रोल पम्पमा | ५००० | ८००० | ८००० |
| | अन्य डिलरमा (नुन र मट्टितेल बाहेक) | ३००० | ५००० | ५००० |
| | नुन र मट्टितेलको डिलर | | १००० | १००० |
| ३४ | **विशेषज्ञ , परामर्श तथा अन्य व्यवसायिक सेवा** | | | |
| | चिकित्सक | १००० | १००० | १००० |
| | कविराज | ६०० | ६०० | ६०० |
| | ईन्जीनियर | १००० | १००० | १००० |
| | ***निर्माण सेवा :*** | | | |
| | नेपाल सरकारबाट इजाजत प्राप्त क वर्गको ठेकेदार | ६००० | १०००० | १०००० |
| | नेपाल सरकारबाट इजाजत प्राप्त ख वर्गको ठेकेदार | २५०० | ५००० | ५००० |
| | नेपाल सरकारबाट इजाजत प्राप्त ग वर्गको ठेकेदार | २००० | २५०० | २५०० |
| | नेपाल सरकारबाट इजाजत प्राप्त घ वर्गको ठेकेदार | १२०० | २००० | २००० |
| | कानुन व्यवसायी : वरिष्ठ अधिवक्ता र अधिवक्ता (ल फर्म संचालन गरेको ) | ७०० | ७०० | ७०० |
| | अभिकर्ता | ५०० | ५०० | ५०० |
| | लेखनदास | ४०० | ४०० | ४०० |
| | लेखा परीक्षक : क श्रेणी र ख श्रेणी | १२०० | १२०० | १२०० |
| | ग श्रेणी | ६०० | ६०० | ६०० |
| | घ श्रेणी | ५०० | ५०० | ५०० |
| | दन्त चिकित्सक | ६०० | ६०० | ६०० |
| | अनुसन्धानकर्ता तथा परामर्शदाता | १५०० | १५०० | १५०० |
| | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | १५०० | १५०० | १५०० |
| | वीमा एजेन्ट | ५०० | ५०० | ५०० |

| | | | | |
|---|---|---|---|---|
| | सर्भेयर | ५०० | ५०० | ५०० |
| | अनुवादक | ५०० | ५०० | ५०० |
| | पशु चिकित्सक | ६०० | ६०० | ६०० |
| | सामान ढुवानीकर्ता तथा कम्पनी | १२०० | १५०० | १५०० |
| | नापी व्यवसाय | ६०० | १००० | १००० |
| | विज्ञापन एजेन्ट | ६०० | १००० | १००० |
| | वैदेशिक रोजगार एजेन्ट | २५०० | ५००० | ५००० |
| | स्वदेशी रोजगार एजेन्ट | १२०० | २००० | २००० |
| | सेक्रेटरियल सेवा | १२०० | २००० | २००० |
| | एयरलाइन्स र कार्गो सेवा | ३५०० | ५००० | ५००० |
| | हाउजिं कम्पनी तथा घर जग्गा खरिद बिक्री (रियल स्टेट ) | २५०० | ५००० | ५००० |
| | सटिङ्ग सामानहरु | १५०० | २००० | २००० |
| | कवाडि सामान संकलन तथा विक्री | ६०० | १००० | १००० |
| | डाई क्लिनर्स | ४०० | १००० | १००० |
| | साइन वोर्ड बनाउने पेन्टिङ् सेवा | ४०० | ५०० | ५०० |
| | फूल र विरुवा बिक्रेता | ४०० | ५०० | ५०० |
| | सिसा, प्लाइउड विक्रेता | ४०० | २००० | २००० |
| | खेलौना, उपहार (गिफट) विक्रेता | ५०० | १५०० | १५०० |
| ३५ | **चुरा पोते पसल** | | | |
| | क श्रेणी (थोक विक्री) | ८०० | १२०० | १२०० |
| | ख श्रेणी (खुद्रा विक्री) | ५०० | ६०० | ६०० |
| ३६. | **चस्मा पसल** | | | |
| | चिकित्सक सेवा सहितको | ६०० | १५०० | १५०० |
| | चिकित्सक सेवा रहितको | ४०० | १००० | १००० |
| ३७ | **मसाज पार्लर** | १५०० | १५०० | १५०० |
| ३८ | **औद्योगिक कारखाना तथा उद्योगहरुमा** | | | |
| | चामल, दाल, पिठो , तेल उत्पादा गर्ने र गल्ला खरिद सहित ठुलो उद्योगबाट | ४५०० | ४५०० | ४५०० |





| | | | | |
|---|---|---|---|---|
| | चामल, दाल, पिठो , तेल उत्पादा गर्ने मिनी प्लान्टमा | ३५०० | ३५०० | ३५०० |
| | सामान्य पसल | १००० | १००० | १००० |
| | डेरी ठुलो पसल | १२०० | १२०० | १२०० |
| | काठ चिरान मिलमा | ३५०० | ५००० | ५००० |
| | फर्निचर, काठ चिरान मिलमा | ३५०० | ५००० | ५००० |
| | सिमेन्ट, रोडी , बालुवा प्रयोग गरी ह्युम पाइप , पिलर रिङ्ग, ब्लक, गमाला बनाउनेबाट उधोग | २५०० | २५०० | २५०० |
| | क्रसर उद्योग स्थायी | ४००० | २५००० | २५००० |
| | क्रसर उद्योग अस्थायी | | १०००० | १०००० |
| | प्लाइउडको कच्चा पदार्थ उत्पादन गर्ने उद्योगबाट | २२०० | १०००० | १०००० |
| | पाउरोटी सर्वत बनाउने उद्योगबाट | ६०० | १००० | १००० |
| | विना चिम्नीका इट्टा भट्टा उद्योगबाट | २५०० | ३००० | ३००० |
| | चिम्नी भएको इट्टा भट्टा उद्योगबाट | ३००० | ६००० | ६००० |
| | मैन वत्ती उत्पादन उद्योगबाट | ४०० | ४०० | ४०० |
| | सावुन सोडा उत्पादन उद्योगबाट | ४०० | ५०० | ५०० |
| | चाउमिन उत्पादन उद्योगबाट | ४०० | ५०० | ५०० |
| | काठको गिलास ठेकी उत्पादन उद्योगबाट | ५५० | ५५० | ५५० |
| | पुरानो कपडा पेलेर कपास बनाउने उद्योग | ११०० | ११०० | ११०० |
| | ग्यांस डिलर | २५०० | ३००० | ३००० |
| | सोलार व्यवसाय | २२०० | २५०० | २५०० |
| | जडिवुटी बिक्रि तथा प्रसोधन | ११०० | १२०० | १२०० |
| ३९ | साउण्ड सिस्टम भाडामा तथा बिक्री | १२०० | १५०० | १५०० |
| ४० | डिपार्ट मेन्टल स्टोर/सुपर मार्केटमा | २००० | ५००० | ५००० |
| ४१ | खसी बोका संकलन तथा बिक्री केन्द्रमा | ६०० | ६०० | ६०० |
| ४२ | मुभि हाउस | ८०० | १००० | १००० |

| | | | | |
|---|---|---|---|---|
| ४३ | वहाल कर ( सम्वन्धित धनीबाट) | १० प्रतिशत | १० प्रतिशत | १० प्रतिशत |
| ४४. | *सम्पति मूल्यांकन शूल्क* | ०.०५ प्रतिशत सम्म | ०.०५ प्रतिशत सम्म | ०.०५ प्रतिशत सम्म |
| **४५** | ***मेला महोत्सव शुल्क*** | | नगरपालिका को स्वीकृत कार्यविधी बमोजिम | नगरपालिका को स्वीकृत कार्यविधी बमोजिम |
| ४६ | **अन्य उधोग तर्फको व्यवसाय कर** | | | |
| | **साना उधोग** | | ५००० | ५००० |
| | **मझौला उधोग** | | १०००० | १०००० |
| | **ठुला उधोग** | | १५००० | १५००० |





अनुसूची ३

दफा ६ सँग सम्बन्धीत

## जडिबुटी, कवाडी र जीवजन्तुको व्यावसायिक कारोवारमा लाग्ने कर दस्तुर सम्बन्धी विवरण

| सि. नं. | विवरण | इकाई | दर रु. |
|---|---|---|---|
| १ | उन, प्राकृतिक कृत्रिम जगर | प्रति के.जी. | -।५० (पचास पैसा) |
| २ | खोटो | प्रति के.जी | -।५० (पचास पैसा) |
| ३ | वनकस, बावियो, मलहनपत्ता, छ्वाली, पराल, वगास, निगालो, लोक्ता, पटेर, कुच्चो | प्रति गाडी | ७५।- (पचहत्तर रुपैया) |
| ४ | सिसौं, साल | प्रति ट्रक | १०००।- (एक हजार ) |
| ५ | अन्य काठ | प्रति ट्रक | ५००।- (पांच सय) |
| ६ | स्लेट, विछ्याउने ढुंगा | प्रति व. फि. | १।- (एक रुपैया) |
| ७ | इट्टा | प्रति हजार | २५।- (पच्चिस रुपैया) |
| ८ | सिमेन्ट | प्रति वोरा | १।- (एक रुपैया) |
| ९ | सुर्तिको डण्ठल | प्रति के.जी. | -।१५ (पन्ध्र पैसा) |
| १० | सालको वियाँ | प्रति के.जी. | -।५० (पचास पैसा) |
| ११ | सल्लाको सिम्टा | प्रति के.जी. | -।१५ (पन्ध्र पैसा) |
| १२ | चिउरीको विजुला तथा अन्य वनस्पतिको विउ, विजुला | प्रति के.जी. | -।५० (पचास पैसा) |
| १३ | पत्थर कोइला | प्रति के.जी. | -।०५ (पाँच पैसा) |
| १४ | मिनरल वाटर वोतल | प्रति गोटा | -।१५ (पन्ध्र पैसा) |
| १५ | खाली सिसी वियरको | प्रतिगोटा | १।- (एक रुपैया) |
| १६ | खाली सिसी ५०० एम.एल भन्दा तलको (मदिराको) | प्रतिगोटा | -।१५ (पन्ध्र पैसा) |
| १७ | खाली सिसी मदिरा र अन्य ५०० एम.एल भन्दा माथीको (मदिराको) | प्रति गोटा | -।४० (चालिस पैसा) |
| १८ | प्लाष्टिकका बोतल, भाँडाकुँडा, जुत्ता, चप्पल, जर्किन आदि | प्रति के.जी. | -।५० (पचास पैसा) |
| १९ | खाली बोरा जुट/ प्लाष्टिकको ५० के.जी. खाद्यान्न अट्ने | प्रतिगोटा | -।२५ (पच्चीस पैसा) |
| २० | खाली बोरा जुटको १०० के.जी. खाद्यान्न अट्ने | प्रतिगोटा | -।५० (पचास पैसा) |
| २१ | तेलको खाली टिन १० लि. भन्दा वढी अट्ने ठूलो | प्रति गोटा | २।- (दुई रुपैया) |

| | | | |
|---|---|---|---|
| २२ | तेलको खाली टिन १० लि. भन्दा कम अट्ने सानो | प्रतिगोटा | १।- (एक रुपैया) |
| २३ | झिण्डु प्राकृति/कृतिम उनको टुक्रा | प्रति के.जी. | -।५० (पचास पैसा) |
| २४ | गार्मेन्टको कपडा टुक्रा | प्रति के.जी. | १।- (एक रुपैया) |
| २५ | जलेको मोविल | प्रति लिटर | १।- (एक रुपैया) |
| २६ | जुट र प्लाष्टिक पुन प्रयोग हुन नसक्ने वोराहरु | प्रति के.जी | -।१५ (पन्ध्र पैसा) |
| २७ | कार्पेटका टुक्राहरु | प्रति के.जी. | १।५० (एक रुपैया पैसा पचास) |
| २८ | टायर ट्यूव | प्रति के.जी. | १।५० (एक रुपैया पैसा पचास) |
| २९ | थोत्रो टिन | प्रति के.जी. | -।५० (पैसा पचास) |
| ३० | पुराना ड्राम | प्रति के.जी. | -।५० (पैसा पचास) |
| ३१ | **पुरानो कागज** | | |
| क) | अखवार (न्यूज प्रिन्ट) | प्रति के.जी. | -।५० (पैसा पचास ) |
| ख) | अन्य कागज (कार्टुन समेत) | प्रति के.जी. | १।- (एक रुपैया) |
| ३२ | धातुका टुक्रा र पत्रु भई काम नलाग्ने भएका धातु सामान | | |
| क) | पुराना ब्याट्रीहरु | प्रति के.जी. | २।-(दुई रुपैयां) |
| ख) | फलाम | प्रति के.जी | १।५० (एक रुपैया पचास पैसा) |
| ग) | अन्य धातु (पित्तल, तामा, आदि) | प्रति के.जी. | २।- (दुई रुपैया) |
| घ) | थोत्रिएर काम नलाग्ने मेशीनरी औजार र अन्य भाँडाकुँडाहरु | प्रति के.जी. | १।५० (एक रुपैया पचास पैसा) |
| ३३ | पोलिथिन पाईपका टुक्राहरु | प्रति के.जी. | १।- (एक रुपैयां) |
| ३४ | सिसा (लिड) को धुलो वा टुक्रा | प्रति के.जी. | ३।- (तीन रुपैयां) |
| ३५ | काँचको धुलो वा टुक्रा | प्रति के.जी. | १।- (एक रुपैयां) |
| ३६ | **प्रचलितकानूनले निषेध गरे वाहेकका मरेका वा मारिएकापशु जन्य वस्तुहरुमा देहायवमोजिम करको दररेट** | | |
| क | हाड | प्रति के.जी. | १।- (एक रुपैया) |
| ख | सिङ | प्रति के.जी. | २।- (दुई रुपैया) |
| ग | खुर | प्रति के.जी. | १।५० (एक रुपैया पचास पैसा) |
| घ | छाला ठूलो | प्रतिगोटा | ३०।- (तीस रुपैया) |
| ङ | छाला सानो | प्रतिगोटा | १५।- (पन्ध्र रुपैया) |
| ३७ | भट्टामा प्रयोग गरिने माटो | प्रति ट्रिप | २५।- (पच्चिस रुपैया) |
| ३८ | बाँस | प्रति घना | -।३० (तीस पैसा) |
| ३९ | पुरानो ब्याट्री | प्रति केजी | रु २ |





अनुसूची ४

दफा ७ सँग सम्बन्धीत

## सवारी साधन कर

## सवारी साधन (अटो तथा इ रिक्सा) कर

| सवारी साधनको किसिम | भाडाको | नीजि |
|---|---|---|
| टेम्पो, अटो रिक्सा, पावर टेलर (पेट्रोलियम) | सवारी कर रु. ५००० आय कर रु. १५५० बाटो इजाजत (चौमासिक) दस्तुर रु. ४०० | सवारी कर ४००० |
| टेम्पो, अटो रिक्सा (विद्युतिय, ग्याँस) | सवारी कर रु. २००० आय कर रु. १००० बाटो इजाजत (चौमासिक) दस्तुर रु. २०० | सवारी कर १५०० |
| रिक्सा, टाँगा, गाडा, ठेला | सवारी कर रु. २०० बाटो इजाजत (चौमासिक) दस्तुर रु. ५० | सवारी कर रु. १०० |

*कृषि प्रयोजनका लागि प्रयोग हुने सवारी साधनहरुका सबै करमा ५० प्रतिशत छुट दिईनेछ ।*

अनुसूची ५
दफा ८ सँग सम्बन्धीत

## विज्ञापन कर

| क्र. सं. | विज्ञापनको साईज | आ.व. ०७५/०७६ को स्वीकृत दररेट | आ.व. ०७६/०७७ को स्वीकृत दररेट | आ.व.०७७/०७८ को स्वीकृत दररेट |
|---|---|---|---|---|
| १ | विज्ञापन सामग्री १० व.फि. सम्म प्रति व.फि. | | रु ७५ | रु ७५ |
| २ | विज्ञापन सामग्री १० व.फि. भन्दा माथी प्रति व.फि. | | रु ८० | रु ८० |
| ३ | साना किसिमका प्रचारका बोर्ड ८ व.फि. सम्म | रु.५०० | रु.५०० | रु.५०० |
| ४ | ब्यानर सार्वजनिक स्थानमा प्रतिमिटर ७ दिन सम्मको लागि | रु.१०।०० | रु.१०।०० | रु.१०।०० |
| ५ | ब्यानर सार्वजनिक स्थानमा प्रतिमिटर ७ दिन भन्दा बढी | रु.८।०० | रु.८।०० | रु.८।०० |
| ६ | १ मिटर र १ व.फि सम्मको विज्ञापनको | रु.३ | रु.३ | रु.३ |
| ७ | स्टल राखि विज्ञापन प्रतिदिन | रु. १०००। | रु. १०००। | रु. १०००। |
| ८ | सार्वजनिक स्थलमा पम्प्लेट २ वर्गफिट सम्म प्रति एकाई | २५ पैसा | २५ पैसा | २५ पैसा |
| ९. | सार्वजनिक स्थलमा पम्प्लेट २ वर्गफिट माथी प्रति एकाई | ५० पैसा | ५० पैसा | ५० पैसा |
| १०. | व्यवसायीक माइकिगं प्रतिदिन | रु. ५०० | रु. ५०० | रु. ५०० |
| ११. | एकमुष्ठ बर्ष भरी नै माइकिगं गर्ने भएमा | रु. ५०००। | रु. ५०००। | रु. ५०००। |

*सार्वजनिक महत्वका सरकारी सुचना विज्ञापनमा नगरपालिका ले निःशुल्क सहुलियत दिन सक्नेछ।*





अनुसूची ६
दफा ९ सँग सम्बन्धीत

## मनोरन्जन कर

*मनोरन्जन कर संघिय तथा प्रदेश कानुनले तोकेबमोजिम हुनेछ।*

अनुसूची ७
दफा १० सँग सम्बन्धीत

# बहाल बिटौरी शुल्क

| कोठाहरु | आ.व.०७५।०७६ को स्वीकृत दर | आ.व.०७६।०७७ को स्वीकृत दर | आ.व.०७७।०७८ को स्वीकृत दर |
|---|---|---|---|
| मासु सेडका कोठा | १७००।०० | १७००।०० | १७००।०० |
| हटियाका वाहिरी कोठाहरु | १७५०।०० | १७५०।०० | १७५०।०० |
| हटियाका भित्री कोठाहरु | १७००।०० | १७००।०० | १७००।०० |
| हटिया गोदाम कोठा | ७०००।०० | ७०००।०० | ७०००।०० |
| वडा न. ६ मा बहाल शुल्क न.पा.को खाली जग्गाको (प्रति वर्गफिट) | ६ | ६ | ६ |
| वडा न. १४ मा बहाल बिटौरी कर | प्रति वर्ग फिट रु ३।- तिन रुपैयां | प्रति वर्ग फिट रु ३।- तिन रुपैयां | प्रति वर्ग फिट रु ३।- तिन रुपैयां |





अनुसूची ८
दफा ११ सँग सम्बन्धीत

# पार्किङ शुल्क (पटक)

| सवारी साधनको किसिम | भाडाको | नीजि |
|---|---|---|
| बस, ट्रक, | रु.२५ | रु.२० |
| ट्र्याक्टर, मिनि ट्रक, मिनि बस | रु.२० | रु.१५ |
| टेम्पो, अटो रिक्सा, पावर टेलर, मोटरसाईकल (पेटोलियम) | रु. १५ | रु. १० |
| टेम्पो, अटो रिक्सा, मोटरसाईकल | रु. १० | रु. ५ |
| विद्युतिय, ग्याँस रिक्सा अटो | रु. १० | रु. ५ |
| रिक्सा, टाँगा, गाडा, ठेला | रु. ५ | रु. ५ |

अनुसूची ९ (क)

दफा १३ सँग सम्बन्धीत

# सेवा शुल्क दस्तुर

| क्र. सं. | विवरण | आ.व.०७५।०७६ को स्वीकृत दर | आ.व.०७६।०७७ को स्वीकृत दर | आ.व.०७७।०७८ को स्वीकृत दर |
|---|---|---|---|---|
| १ | निवेदन फर्म दस्तुर | २५ | २५ | २५ |
| २ | नागरिकता सिफारिस | ५० | ५० | ५० |
| ३ | अंगिकृत नागरिकता सिफारिस | १०० | १०० | १०० |
| ४ | नागरिकता फाराम | २५ | २५ | २५ |
| ५ | सामान्य सिफारिस दस्तुर | १५० | १५० | १५० |
| ६ | नाम, थर संशोधन सिफारिस | १५० | १५० | १५० |
| ७ | प्रतिलिपि दस्तुर (A4 वा सो भन्दा सानो साइजमा ) | ५० | ५० | ५० |
| ८ | प्रतिलिपि दस्तुर (A4 भन्दा ठुलो साइजमा जस्तै: गुरुयोजना नक्सा ) | ३०० | ३०० | ३०० |
| ९ | न.पा.बाट दिइने सुचना प्रतिपेज | १० | १० | १० |
| १० | राहदानी (परिचय पत्रमा) मा सिफारिस | २५० | २५० | २५० |
| ११ | खानेपानी,विद्युत ,टेलिफोन जडान र नामसारी (आवासीय) | ५०० | ५०० | ५०० |
| | खानेपानी,विद्युत ,टेलिफोन जडान र मरुवा (आवासीय) | २५० | २५० | २५० |
| १२ | खानेपानी,विद्युत,टेलिफोन जडान र नामसारी (व्यवसायिक ) | १००० | १००० | १००० |
| १३ | चार किल्ला प्रमाणित सिफारिस : प्रति १ कित्ताको लागि | ५०० | ५०० | ५०० |
| | चार किल्ला प्रमाणित सिफारिस : प्रति १ कित्ताको लागि उपत्यका बाहिर | ३०० | ३०० | ३०० |
| १४ | चार किल्ला प्रमाणित सिफारिस : प्रति १ कित्ता पछि थप प्रति को | ५० | ५० | ५० |
| १५ | ट्रेस नक्सा निर्माण तथा प्रमाणित: पहिलो १ कित्ता माग भएमा | ५०० | ५०० | ५०० |

| | | | | |
|---|---|---|---|---|
| | बाटो प्रमाणित | ५०० | ५०० | ५०० |
| | बाटो प्रमाणित उपत्यका बाहिर | ३०० | ३०० | ३०० |
| १६ | ट्रेस नक्सा प्रमाणित मात्र : पहिलो १ कित्ता माग भएमा | २५० | २५० | २५० |
| १७ | ट्रेस नक्सा १ कित्ता भन्दा बढी माग भएमा थप प्रतिकित्ता | ७५ | ७५ | ७५ |
| १८ | कम्प्युटर अंग्रेजी टाइप सिफारिस | ४०० | ४०० | ४०० |
| १९ | पेन्सनपट्टा सिफारिस ( स्वदेशी संस्थामा ) | २०० | २०० | २०० |
| २० | पेन्सनपट्टा सिफारिस (विदेशी संस्थामा) | ५०० | ५०० | ५०० |
| २१ | नाता प्रमाणित | २०० | २०० | २०० |
| २२ | नाता प्रमाणित सर्जमिन मुचुल्का दस्तुर | १०० | १०० | १०० |
| २३ | औद्योगिक प्रयोजनको लागि (५ लाख माथिको पुजिमा) सर्जमिन दस्तुर (घरेलु कार्यालयलाई सिफारिस गर्दा ) | १२०० | १२०० | १२०० |
| २४ | औद्योगिक प्रयोजनको लागि (५ भन्दा कम पुजिमा) सर्जमिन दस्तुर (घरेलु कार्यालयलाई सिफारिस गर्दा) | ५०० | ७०० | ७०० |
| २५ | व्यवसायिक प्रयोजनको लागि (ठुला) सर्जमिन दस्तुर (घरेलु कार्यालयलाई सिफारिस गर्दा ) | ३०० | ५०० | ५०० |
| २६ | व्यवसायिक प्रयोजनको लागि (सानो) सर्जमिन दस्तुर (घरेलु कार्यालयलाई सिफारिस गर्दा) | २०० | ३०० | ३०० |
| २७ | अन्य सर्जमिन दस्तुर | १५० | २०० | २०० |
| २८ | अस्थायी ठेगाना प्रमाणित | २५० | ५०० | ५०० |
| ३० | छुट जग्गा दर्ता सिफारिस प्रती कठ्ठा | ३०० | ५०० | ५०० |
| ३१ | अव्यवस्थित र सुकुम्वासी जग्गा दर्ता सिफारिस | ३०० | ५०० | ५०० |
| ३२ | राजीनामा/बकसपत्र दस्तुर | ६०० | १००० | १००० |
| ३३ | राजीनामा बकसपत्र सिफारिस २ कठ्ठा भन्दा बढी भएमा | १००० | १५०० | १५०० |
| ३४ | जग्गा खरिद बिक्री (उपत्यका बाहिर) | ४०० | ५०० | ५०० |





| | | | | |
|---|---|---|---|---|
| | जग्गा मरुवा नामसारी सिफारिस | ३०० | ५०० | ५०० |
| ३५ | जग्गा सीमा विवादमा अमिन खटाई सिमांकन गर्नु पर्दा निवेदकले प्रति उजुरी तिर्नु पर्ने सेवा शुल्क (प्रति कित्ता) | ६०० | १००० | १००० |
| ३७ | *संस्था दर्ता तथा नवीकरणमा* | | | |
| | नया दर्ता सिफारिसमा (नगर) | ६०० | ६०० | ६०० |
| | नया दर्ता सिफारिसमा (वडा) | | २०० | २०० |
| ३८ | नवीकरण सिफारिस | २५० | २५० | २५० |
| ३९ | आय स्रोत प्रमाणित सिफारिस | ०.०५ प्रतिशत सम्म | ०.०५ प्रतिशत सम्म | ०.०५ प्रतिशत सम्म |
| | ब्यक्तिगत घटना दर्ता जन्म मृत्यु बसाई सराई ३५ दिनसम्म नि:शुल्क त्यसपछि | ५० | ५० | ५० |
| | ब्यक्तिगत घटना दर्ता प्रमाणित | १५० | २०० | २०० |
| | उधोग दर्ता दस्तुर | | | सम्बन्धित कानुन अनुसार |
| | उद्योग स्थापना सिफारिस | | | |
| | साना उधोग स्थापना सिफारिस | | | ८०० |
| | मझौला उधोग स्थापना सिफारिस | | | १००० |
| | उद्योग नामसारी तथा ठाउंसारी वडा सिफारिस | ६०० | ८०० | ८०० |
| | पशु र वस्तु (रांगा, भैसी, गोरु) को निकासीको सिफारिस प्रति गोटा | ५० | ५० | २०० |
| | खसी, बोका,बंगुर निकासीको सिफारिस प्रति गोटा | | | १०० |
| | पंक्षी को निकासीको सिफारिस प्रति गोटा (चल्ला) | | | १ एक रुपैयां |
| | पंक्षी को निकासीको सिफारिस प्रति गोटा (बयस्क) | | | २ दुई रुपैयां |
| | पंक्षी को निकासीको सिफारिस प्रति गोटा (अष्ट्रिच) | | | १० दश रुपैयां |
| | घर नक्सापास नामसारि दस्तुर | ६०० | १००० | १००० |
| | घर खालि गराउदा (बहाल कर तिरेपछि) | ५०० | १००० | ५००० |

| | | | | |
|---|---|---|---|---|
| | सरसफाइ सेवा शुल्क (बजार क्षेत्रमा निजी क्षेत्रबाट हरेक दिन सेवा उपलब्ध गराउने स्थानमा न. पा. बोर्डबाट तोके बमोजिम | ५०-६००० सम्म | ५०-६००० सम्म | ५०-६००० सम्म |
| | दमकल सेवा शुल्क १००० वर्ग फिट सम्मको संरचना | रु.५० | रु.५० | रु.५० |
| | दमकल सेवा शुल्क १००१ देखि २००० वर्ग फिट सम्मको संरचना | रु.१०० | रु.१०० | रु.१०० |
| | दमकल सेवा शुल्क २००१ वर्ग फिट देखि माथीको संरचना | रु.२५० | रु.२५० | रु.२५० |
| | **दमकल सेवा शुल्क व्यवसायीक फर्ममा** | | ५०० | ५०० |
| | **कान्जीहाउस दस्तुर** | | | |
| | बंगुर प्रतिज्यान | ५०० | ५०० | ५०० |
| | घोडा , खच्चड प्रति ज्यान | २०० | २०० | २०० |
| | खसी बोका,बाखा | ५०० | ५०० | ५०० |
| | गाई ,गोरु | ५० | ५० | ५० |
| | मथि उल्लेखित पशुका दुधे बच्चा सहित माउ आएमा बच्चाको दस्तुरमा ५० प्रतिशत कम हुने | | | |
| | हांस, कुखुरा | १० | १० | १० |
| | **पक्की घर कायम १००० ब. फि. सम्म** | ७०० | ७०० | ७०० |
| | **पक्की घर १००० ब. फि. भन्दा माथी** | १००० | १००० | १००० |
| | **कच्ची घर** | ५०० | ५०० | ५०० |
| | **मोही लगत कट्टा प्रति कठ्ठा** | ३०० | ३०० | ३०० |
| | **जग्गा मरुवा नामसारी** | ५०० | ५०० | ५०० |
| | *सडक पिच तथा ग्राभेल कटिङ शुल्क* | | | |
| | मुख्य बाटो पीच कटिङ शुल्क | १०००० | १०००० | १०००० |
| | सहायक बाटो पीच कटिङ शुल्क | ५००० | ५००० | ५००० |
| | ग्राभेल बाटो कटिङ शुल्क | १००० | १००० | १००० |
| | कच्ची बाटो कटिङ शुल्क | ५०० | ५०० | ५०० |
| | वीरेन्द्रनगर नगरपालिकाको क्षेत्रभित्रको सडक किनारा, फुटपाथ, सार्वजनिक जग्गा, आदिमा नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम, र केवुल लाइन आदिले पोल, क्याविनेट, तारवार, टान्सफरमर, आदि राखी तार लाइन विस्तारमा तोकिए अनुसार वार्षिक शुल्क लिने | | | |





अनुसूचि-९ (ख)

दफा १३ सँग सम्बन्धीत

## शिक्षातर्फको सेवा शुल्क

| क्रस | विवरण | वडाको लागि सिफारिस दस्तुर | नपाको लागि अनुमति दस्तुर |
|---|---|---|---|
| १ | नयां कक्षा अनुमति | १००० | १५००० |
| **२** | **कक्षा थप अनुमति** | | |
| क | कक्षा २ देखि ५ सम्म | १००० | ५००० |
| ख | कक्षा ६ देखि ८ सम्म | १००० | १०००० |
| ग | कक्षा ९ देखि १० | १५०० | १५००० |
| घ | कक्षा ११ देखि १२ | २००० | २०००० |
| ३ | मन्टेश्वरी तथा चाइल्डकेयर सेन्टर अनुमति | १००० | १५००० |
| ४ | पूर्वप्राथमिक वा प्रिस्कूल अनुमति | १००० | १५००० |
| ५ | ट्यूसन सेन्टर अनुमति | १५०० | १५००० |
| ६ | कोचिङ सेन्टर अनुमति | १५०० | १५००० |
| ७ | टेर्निङ इन्स्टिच्यूट अनुमति | १५०० | १५००० |
| ८ | परामर्श कक्षा अनुमति | १५०० | १५००० |
| ९ | शैक्षिक इन्स्टिच्यूट अनुमति | १५०० | १५००० |
| १० | विभिन्न सिफारिस साधारण | १०० | १०० |
| **११** | **शिक्षक नियुक्ति र सरुवा** | | |
| क | प्रावि | | १००० |
| ख | निमा | | १५०० |
| ग | मावि | | २००० |
| घ | उमावि | | २५०० |
| ङ | कर्मचारी | | ५०० |
| १२ | कक्षा ८ को प्रमाणपत्र प्रतिलिपि | | २०० |
| **१३** | **संस्थागत विद्यालय ठाउसारी** | | |
| क | आधारभूत तह | | ५००० |
| ख | माध्यमिक तह | | १०००० |

अनुसूचि-९ (ग)

दफा १३ सँग सम्बन्धीत

## सहकारी तर्फः

### सहकारी दर्ता तथा कार्य क्षेत्र विस्तारमा देहायका शुल्क लाग्नेछ

१. सरकारी संस्था दर्ताको लागि निर्दिष्ट एक कार्य क्षेत्र बरावर रु १०००

२. सरकारी संघ दर्ताका लागि रु १५०० दर्ता शुल्क लाग्नेछ

३. कार्य क्षेत्र विस्तार गर्दा प्रति थप कार्य क्षेत्र को रु १०० थप शुल्क लाग्नेछ

*सहकारी संघ संस्थाहरुले तोकिएको समय भित्र वार्षिक विवरण पेश नगरेमा देहायका जरिवाना लाग्नेछ*

दर्ता भएका सबै सहकारी संघ संस्थाहरु आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र दर्तावाल लेखा परीक्षकवाट लेखा परिक्षण गराइ तोकिए बमोजिमका विवरण खुलाई दर्ता गर्ने अधिकारीले समक्ष वार्षिक प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ। अन्यथा देहायअनुसार हुनेछ।

१. रु १ करोड सम्म कारोबार भएका सहकारी संस्थाले तोकिएको समय भित्र वार्षिक विवरण पेश नगरेमा प्रति वर्ष रु ५००

रु ५ करोड सम्म कारोबार भएका सहकारी संस्थाले तोकिएको समय भित्र वार्षिक विवरण पेश नगरेमा प्रति वर्ष रु १०००

२. रु १० करोड सम्म कारोबार भएका सहकारी संस्थाले तोकिएको समय भित्र वार्षिक विवरण पेश नगरेमा प्रति वर्ष रु १५००

३. रु १ ० करोड देखि माथि कारोबार भएका सहकारी संस्थाले तोकिएको समय भित्र वार्षिक विवरण पेश नगरेमा प्रति वर्ष रु २५००





अनुसूचि १०

दफा १४ संग सम्बन्धीत

## नक्सापास दस्तुर :

| क्र.सं. | घरको बनावट | राजमार्ग तथा मुख्य बजार सडकको दायां बायां बन्ने घरको दर प्रति वर्ग फिट (रु ) | | अन्य पिच सडकको दायां बायां बन्ने घर को दर प्रति वर्ग फिट(रु ) | | अन्य सडक वा ठाउमा बन्ने घर को दर प्रति वर्ग फिट(रु ) | |
|---|---|---|---|---|---|---|---|
| १. | आर . सी.सी ढलान बनावट | आ.व. ०७६/०७७ को दर | आ.व. ०७७/०७८ को प्रस्तावित दर | आ.व. ०७६/०७७ को दर | आ.व. ०७७/०७८ को प्रस्तावित दर | आ.व.०७६/०७७ को दर | आ.व.०७७/०७८ को प्रस्तावित दर |
| क | भुई तला | ६ | ६ | ५ | ५ | ४ | ४ |
| ख | प्रथम तला | ८ | ८ | ७ | ७ | ६ | ६ |
| ग | दोस्रो तला र सो भन्दा माथि | १० | १० | ९ | ९ | ८ | ८ |
| २. | लोड वियरिङ् बनावटको ढलान तथा कडी पाटन | | | | | | |
| क | भुई तला | ५ | ५ | ४ | ४ | ३ | ३ |
| ख | प्रथम तला | ७ | ७ | ६ | ६ | ५ | ५ |
| ग | दोस्रो तलार सो भन्दा माथि | ८ | ८ | ७ | ७ | ६ | ६ |
| ३. | ईटालाई सि.म., माटो मसला जोडाई गरि बनेको जस्ता छाना भएको | | | | | | |
| क | भुई तला | ४ | ४ | ३ | ३ | २ | २ |
| ख | प्रथम तला | ५ | ५ | ४ | ४ | ३ | ३ |
| ग | दोस्रो तलार सो भन्दा माथि | ६ | ६ | ५ | ५ | ४ | ४ |
| ४. | *कम्पाउण्ड वाल प्रति रनिङ् मिटर* | ६ | ६ | ५ | ५ | ४ | ४ |
| ५. | **घर, नक्सा पास निवेदन फाराम** | **१०००** | **१०००** | **१०००** | **१०००** | **१०००** | **१०००** |
| ६. | **नक्सा पास गर्दा रेखाङ्कन शुल्क (Lay Out ):** | | | | | | |
| (क) | ६५ वर्ग मिटरसम्म | ८०० | ८०० | ८०० | ८०० | ८०० | ८०० |
| (ख) | ६६ वर्ग मिटरदेखि ९० वर्ग मिटर सम्म | १००० | १००० | १००० | १००० | १००० | १००० |
| (ग) | ९१ वर्ग मिटरदेखि ११५ वर्ग मिटरसम्म | १५०० | १५०० | १५०० | १५०० | १५०० | १५०० |
| (घ) | ११६ वर्गमिटर देखि माथि | ३००० | ३००० | ३००० | ३००० | ३००० | ३००० |

आज्ञाले,
टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

**आर्थिक ऐन-२०७७**, मूल्य रु. १५